उच्च माध्यमिक शिक्षा परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

# २०६४ सालको कक्षा ११ को मौका परीक्षासम्बन्धी अत्यन्त जरुरी सूचना

उच्च माध्यमिक शिक्षा परिषद् परीक्षा नियन्त्रण कार्यालयमा २०६४ सालमा रजिष्ट्रेशन भएका (रजिष्ट्रेशन नम्बरको पहिलो दुई अङ्क ६४ भएका) र परिषद्बाट २०६४ साल वैशाख-जेष्ठ महिनामा सञ्चालित कक्षा ११ को नियमित परीक्षामा सम्मिलित भई कुनै १ (एक) सैद्धान्तिक विषयमा मात्र अनुत्तीर्ण हुने विद्यार्थीलाई मौका परीक्षा सञ्चालन गरिने भएको हुँदा २०६४ मङ्सिर २५ गतेदेखि पौष १० गतेभित्र मौका परीक्षाका लागि परीक्षा आवेदन फारम भरी सम्बन्धित विद्यालयका प्र.अ./प्राचार्यबाट प्रमाणित गराई निम्नलिखित स्थानहरूमा बुझाउन सकिने छ :

१. पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने विद्यालयका परीक्षार्थीहरूले **उच्च माध्यमिक शिक्षा परिषद्, सम्पर्क कार्यालय, विराटनगर, मोरङ्ग**
२. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत जनकपुर र नारायणी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले **उच्च माध्यमिक शिक्षा परिषद्, सम्पर्क कार्यालय, हेटौंडा, मकवानपुर**
३. मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत बागमती अञ्चलका विद्यालयका परीक्षार्थीहरूले **उ.मा.शि. परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर**
४. पशिचमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी र धौलागिरी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले **उच्च माध्यमिक शिक्षा परिषद्, सम्पर्क कार्यालय, पोखरा, कास्की**
५. पशिचमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलका विद्यालयका परीक्षार्थीहरूले **लुम्बिनी वाणिज्य क्याम्पस बुटवल, रूपन्देही**
६. मध्यपशिचमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने विद्यालयका परीक्षार्थीहरूले **उच्च माध्यमिक शिक्षा परिषद्, सम्पर्क कार्यालय, नेपालगञ्ज, बाँके**
७. सुदूरपशिचमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने विद्यालयका परीक्षार्थीहरूले **उच्च माध्यमिक शिक्षा परिषद्, सम्पर्क कार्यालय, धनगढी, कैलाली ।**
८. तोकिएको समयभित्र प्राप्त नभएका आवेदन फारमउपर कुनै कारवाही हुने छैन ।
९. परीक्षाका लागि आवेदन फारमसाथ कक्षा ११ को मार्कसीट वा मार्कलेजरको प्रमाणित प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति र परीक्षा शुल्कवापत रु. ४००।- नगदै वा बैङ्क भौचर वा परिषद्को नामको ड्राफ्ट संलग्न गरी पेश गर्नुपर्ने छ ।
१०. सम्बन्धित क्षेत्रका परीक्षार्थीहरूले माथि तोकिएको सम्बन्धित स्थानवाहेक **उ.मा.शि.प., परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा** पनि परीक्षा आवेदन फारम बुझाउन सक्ने छन् ।

उक्त परीक्षार्थीहरूको परीक्षा मिति २०६४ पौष १४ गते शनिबार बिहान ११:०० बजेदेखि २:०० बजेसम्म सञ्चालन हुनेछ । परीक्षा केन्द्रसम्बन्धी सूचना २०६४ साल पौष १२ गते को राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।

– परीक्षा नियन्त्रक